# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.

प्रधान कार्यालय, बुटवल, रुपन्देही

# सूचि दर्ता गराउने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०८०/०३/१३)

यस संस्थामा आर्थिक वर्ष २०८०/८१ को लागि कर्जा कारोवारको सिलसिलामा धितोको रुपमा लिइने घर जग्गाको मूल्याङ्कन गर्ने प्रयोजनको लागि सुचिकृत हुन निम्न योग्यता र शर्तहरु पालना गर्न मञ्जुर भएका ओभरसियर, इन्जिनियर तथा इन्जिनियरिङ कन्सल्टेन्सी फर्महरु र आर्थिक वर्ष २०८०/८१ को लागि आवश्यक पर्ने देहाय वमोजिमका मसलन्द, अन्य सामाग्रीहरु तथा सेवाहरु पटक/पटक खरिद/मर्मत गर्नुपर्ने हुँदा इच्छुक छापाखाना/फर्म/संस्था/कम्पनीहरुले छापाखाना/फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण भएको) र आर्थिक वर्ष २०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी मूल्याङ्कनकर्ताको हकमा देहाय वमोजिमका कागजातहरु संलग्न गरी संस्थाको जुन सुकै कार्यालयहरुमा र मसलन्द छपाई/खरिद, अन्य सामाग्री तथा सेवाहरु आपूर्ति गर्ने प्रयोजनका लागि सम्बन्धित विषयको व्यापार, व्यवसाय वा कारोवार गर्न इच्छुक संस्था/फर्म/कम्पनीहरुले आवेदन फाराममा उल्लिखित योग्यता सहितका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र यस संस्थाको प्रधान कार्यालय बुटवल, सामान्य सेवा विभागमा सूचि दर्ता सम्बन्धी निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । आवेदन फाराम तथा मौजुदा सूचिसाथ संलग्न गर्नुपर्ने (मूल्याङ्कनकर्ता वाहेकको हकमा आवश्यक पर्ने) विवरणहरु यस संस्थाको वेबसाईट www.gblbs.com.np मा राखिएको छ। आवेदन पेश गर्दा आवेदन फाराममा उल्लिखित विवरणहरु भरी सहीछाप गरी आवश्यक कागजातहरु समेत संलग्न गरी पेश गर्नु पर्नेछ । आवेदन फाराममा उल्लिखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएका आवेदनकर्ताहरुलाई मौजुदा सूचिमा समावेश गरिने छैन । यस सम्बन्धी आवश्यक कुराहरु बुझ्नु परेमा संस्थाको फोन नं. ०७१-४३८९५१ र ०७१-४३७५३० मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

**१. मसलन्द छपाई/खरिद, अन्य सामाग्री तथा सेवाहरु खरिदका लागि :**

क) छपाई (प्रेस) सम्बन्धी काम तथा सामान ।
ख) मसलन्द (स्टेशनरी) तथा अन्य फुटकर विविध सामानहरु ।
ग) काठ तथा स्टीलका फर्निचर आपूर्ति तथा मर्मत ।
घ) हार्डवेयर खरिद तथा फिटिङ्ग ।
ङ) फर्निसिङका कामहरु ।
च) सवारी साधन खरिद, मर्मत, स्पेयर्स पार्टस खरिद र लुब्रिकेन्टस खरिद ।
छ) विद्युतीय समाग्रीहरु र पानीका सामाग्रीहरु खरिद तथा मर्मत ।
ज) खानेपानी आपूर्ति सम्बन्धी सेवा ।
झ) प्रिन्टरको कार्टेज रिफिलिङ, फ्लेक्स ब्यानर/नेम प्लेट छपाई ।
ञ) एयरकन्डिसन, कम्प्युटर, ल्यापटप, फ्याक्स, फोटोकपी, प्रिन्टर, ईन्भर्टर, ब्याट्री, स्क्यानर, विद्युतीय हाजिरी मेसिन, नोट काउन्टिङ मेसिन लगायतका उपकरण/सामाग्रीहरुको र पाटपूर्जा खरिद तथा मर्मत ।
ट) विभिन्न प्रकृतिका परामर्श सेवाहरु खरिद ।
ठ) पर्दा, कार्पेट र डोरमेन्ट आदि खरिद ।
ड) कुरियर सेवा, विज्ञापन एजेन्सी सेवा ।
ढ) ईन्टरकम टेलिफोन मर्मत सेवा ।
ण) माथि उल्लेख भएका वाहेक विविध सामान एवं उपकरणहरु तथा सेवा खरिद ।

**२) इन्जिनियरिङ कन्सलटेन्सी फर्मको लागि :**

क) फर्म/कम्पनी दर्ता प्रमाणपत्रको (नविकरण भएको) प्रतिलिपी ।
ख) फर्म/प्रोपराइटर/संचालकहरुको शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभवको प्रतिलिपी ।
ग) कार्यरत ओभरसियर/इन्जिनियरको शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभवको प्रतिलिपी ।
घ) नेपाल इन्जिनियरिङ परिषदबाट स्वीकृति प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी ।
ङ) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र VAT/PAN को दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

**३) ओभरसियर/ इन्जियिरको लागि :**

क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
ख) अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।
ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
घ) ओभरसियर/इन्जिनियरको वायोडाटा ।
ङ) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र VAT/PAN को दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
च) नेपाल इन्जिनियरिङ परिषदबाट स्वीकृति प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी ।

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

प्रधान कार्यालय, बुटवल

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

---

## मौजुदा सूचीमा समावेश हुन पेश गर्नुपर्ने निवेदन :

मिति : २०८०/ /

**श्री ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.**
**सामान्य सेवा विभाग**
**प्रधान कार्यालय, बुटवल, रुपन्देही ।**

**विषय : मौजुदा सूचिमा दर्ता गरी पाउँ ।**

सार्वजनिक खरिद नियमावली, २०६३ को दफा १० को उपदफा २ र ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि., को आर्थिक प्रशासन विनिमावली, २०७२ को विनियम २५ को उपविनियम १ वमोजिम तपसिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याईं गर्ने कागजात संलग्न गरी मौजुदा सूचिमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

**तपसिल :**

| **१. मौजुदा सूचिका लागि निवेदन दिने फर्म/संस्था/आपूर्तिकर्ता/निर्माण व्यवसायी/परामर्शदाता/सेवा प्रदायकको विवरण** | |
|---|---|
| क) नाम : | ख) ठेगाना : |
| ग) पत्राचार गर्ने ठेगाना : | घ) मुख्य व्यक्तिको नाम : |
| ङ) टेलिफोन नं. : | च) मोवाईल नं. : |
| **२.मौजुदा सूचिमा दर्ता हुनको लागि निम्न वमोजिमको प्रमाणपत्र संलग्न गर्नुपर्ने ।**<br>(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ( ) छैन ( ) ।<br>(ख) नविकरण गरिएको छ ( ) छैन ( ) ।<br>(ग) मूल्य अभिबृद्धि वा स्थायी लेखा नम्वर दर्ताको प्रमाण पत्र छ ( ) छैन ( ) ।<br>(घ) कर चुक्ताको प्रमाणपत्र छ ( ) छैन ( ) ।<br>(ङ) कुन खरिदको लागि मौजुदा सूचिमा दर्ता हुन निवेदन दिने हो, सो कामका लागि इजाजत आवश्यक पर्ने भएमा सो को प्रतिलिपी छ ( ) छैन ( ) । | |
| **३. संस्थाबाट हुने खरिदका लागि दर्ता हुन चाहेको प्रकृतिको विवरण :** | |
| (क) मालसामानको आपुर्ति :<br>(मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | (ख) निर्माण कार्य : |
| (ग) परामर्श सेवा :<br>(परामर्श सेवाको प्रकृति उल्लेख गर्ने) | (ङ) अन्य सेवा :<br>(अन्य सेवाको प्रकृति उल्लेख गर्ने) |

| आर्थिक वर्ष २०८०/०८१ | फर्मको छाप : | निवेदकको नाम :<br><br>दस्तखत : |
|---|---|---|

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
प्रधान कार्यालय, बुटवल
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

स्व-घोषणा : यस ................................................र यसका कुनै सञ्चालकहरु खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्बन्धित कसुरमा सजायँ नपाएको तथा हाम्रो फर्म/कम्पनी सार्वजनिक खरिद नियमावली, २०६३ वमोजिमका सम्पूर्ण नियम पुरा गरी कार्य गर्न योग्य भएको व्यहोरा स्वयम् घोषणा गर्दछु ।

## मौजुदा सूचिमा दर्ता हुन निर्धारण गरिएको आवश्यक योग्यताहरु :

सार्वजनिक खरिद ऐन २०६३ को दफा १० को उपदफा (२) तथा ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. को आर्थिक प्रशासन विनियमावली, २०७२ को विनियम २५ को उपविनियम १ अनुरुप आपूर्तिकर्ताहरु/सेवा प्रदायकहरुलाई देहाय वमोजिम योग्यता निर्धारण गरिएकोले आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ ।

क) संस्था/फर्म/कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी तथा आवधिक रुपमा नविकरण गर्नुपर्ने भएमा सो खुल्ने कागजात ।

ख) स्थायी लेखा नम्वर (PAN) वा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रतिलिपी ।

ग) आ. व. २०७८/७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी । (आ. व. २०७९/८० मा स्थापित/दर्ता भएका संस्था/फर्म/कम्पनीको हकमा लागू नहुने ।)

घ) दिइएको कारोवार गर्न प्रचलित कानूनमा कुनै किसिमको अनुमति/इजाजत लिनुपर्ने उल्लेख भएको हकमा सो अनुमति तथा आवश्यक्ता वमोजिम नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी ।

ङ) संस्था/फर्म/कम्पनी कुनै आधिकारिक वितरक भएमा सो जनाउने आधिकारिक कागजातको प्रतिलिपी ।

च) सम्बन्धित क्षेत्रमा काम गरेको अवधिको कागजात ।

छ) तत्काल आपूर्ति गर्न सक्ने गरी सामान/उपकरणको उपलब्धता हुने व्यहोराको स्व-घोषणा पत्र ।

ज) बिक्री पछिको सेवाको व्यवस्था सुनिश्चित गर्न सक्ने व्यहोराको स्व-घोषणा पत्र ।

झ) पेशागत कसुर गरे वापत सजाय नपाएको, सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचिमा संलग्न नगरेको हुनुपर्ने ।

ञ) सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्व-घोषणा पत्र ।

ट) कार्यालयलाई आवश्यक पर्दा सजिलै सम्पर्क मिल्ने गरी फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं., मोवाइल नं., इमेल, वेबसाईट आदि खुलाई पेश गरेको हुनुपर्ने ।

ठ) मालसामान आपूर्तिको हकमा संस्थालाई आवश्यक परेको बखत सम्पर्क गर्न मिल्ने गरी, कारोवारको प्रकृति अनुसारको पसल/फर्म/कम्पनीको नाम समेत देखिने गरी खिचिएको फोटो वा उक्त स्थानसम्म पुग्न सकिने नक्सा बनाई निवेदनसाथ संलग्न गर्नुपर्ने ।

ड) परामर्श सेवा (सूचना प्रविधि तथा कम्प्यूटर इन्जिनियरिङ, सफ्टवेयर निर्माण तथा Customization, नेट वर्किङ, इन्टेरियर डिजाइन, मेकानिकल इन्जिनियरिङ लगायतको) खरिद को हकमा तोकिएको समयमा तोकिए बमोजिमको जनशक्ति परिचालन गर्न सक्ने प्रतिबद्धता सहितको कागजातहरु ।

ढ) मौजुदा सूचिमा दर्ता हुन सम्भव भएसम्म संस्था/फर्म/कम्पनीको आफ्नो लेटर प्याडमा तोकिएको ढाँचा अनुसारको निवेदन पेश गर्नुपर्ने ।